# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल


## हार्दिक अपिल

विश्वव्यापी रुपमा हाल फैलिएको कोरोना भाईरस (कोभिड - १९) को नयाँ भेरियन्ट पछिल्लो समयमा नेपालमा पनि तीव्र रुपमा बढिरहेको अवस्थामा कोरोना रोगको रोकथाम तथा नियन्त्रणको लागी सजग हुनु पर्ने आवश्यकता देखिन्छ । पछिल्ला दिनहरुमा यस नगरपालिका क्षेत्र भित्र कोरोना भाईरसको संक्रमण देखा परेको अवस्था छ । कोरोना भाईरसको महामारी समुदायस्तरमा फैलिन सक्ने सम्भावना भएकोले आफू पनि बच्ने र अरुलाई पनि बचाउनका लागी यस विषम परिस्थितिमा महामारीको रुपमा फैलिएको कोरोना संक्रमणलाई नियन्त्रण गर्दै आम नागरबासीलाई संक्रमणमुक्त बनाउनु हाम्रो प्रमुख कर्तव्य रहेको छ । कोरोना संक्रमणलाई रोकथाम तथा नियन्त्रणका लागी जिल्ला प्रशासन कार्यालय, काठमाडौले जारी गरेको सुचना बमोजिम मिति २०७८/०१/१६ गते बिहान ६:०० बजे देखी मिति २०७८/०१/२२ गते राती १२:०० बजे सम्म काठमाडौं जिल्ला भर लागु हुने गरी भएको निषेधाज्ञा तथा यस नगरपालिकाको १०७ औं कार्यपालिकाको निर्णयानुसार निषेधाज्ञाको समयमा देहाय बमोजिम गर्नु गराउनु हुन जानकारी गराउदै यस निषेधाज्ञा अवधिभर सम्पूर्ण नगरबासीहरु अति आवश्यक काममा बाहेक अन्य समय घरमै बसी उच्च मनोबलका साथ सुरक्षा साबधानी अपनाई रहनु हुनको लागी आम नगरबासीहरुमा हार्दिक अपिल गर्दछु, धन्यवाद ।

- नगरपालिका लगायतका वडा कार्यालयहरुबाट प्रवाह गरिने अत्यावश्यक सेवा बाहेक अन्य सेवा हाललाई स्थगित भएको ।
- नगरपालिका क्षेत्र भित्र सरकारी, गैरसरकारी, सामुदायिक संस्थाहरु तथा निजी क्षेत्रबाट गोष्ठी, सभा, सेमिनार, खेलकूदका क्रियाकलापहरु संचालन नगर्ने ।
- विकास निर्माणका कार्यहरुलाई सामाजिक/भौतिक दूरी कायमका साथै स्वास्थ्य मापदण्ड पुरा गरी मात्र संचालन गर्न सकिने ।
- मठ, मन्दिर लगायत भिडभाड हुने स्थान हाललाई बन्द गर्ने, जात्रा पर्व लगायत धार्मिक सांस्कृतिक कार्यक्रमहरु हाललाई स्थगित गर्ने ।
- स्वास्थ्य सम्बन्धी सेवाका लागि नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु खुला रहने भएकोले कार्यालय समय भित्र आवश्यकता अनुसार सम्पर्क गर्ने ।
- कोभिड सम्बन्धी आवश्यक सल्लाह तथा जानकारी लिनु परेमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको हटलाइन ११३३ मा समेत सम्पर्क गर्न सकिने ।
- शंकास्पद बिरामी फेला परेमा सम्बन्धीत वडाका जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीलाई तुरुन्त जानकारी गर्ने/गराउने ।
- जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट निषेधित गरिएका गतिविधिहरु नगर्ने ।
- कोभिड सम्बन्धी जानकारीका लागी देहाय बमोजिम कोभिड फोकल पर्सन तथा स्वास्थ्यकर्मी तोकिएको छ ।

  नगर कोभिड फोकल पर्सन - महेश कुमार उपाध्याय (९८४७८६०८५८)

  नगर स्वास्थ्य शाखा - धनञ्जय पोखरेल (९८५२०५३३८१)

मिति २०७८ साल बैशाख १६ गते ।

२०७८/१/१६

(मोहन बस्नेत)
नगर प्रमुख